


# १. “ECAN सदस्यको 'अधिकार र 'औपचारिक मान्यता (Official Recognition)”

ECAN ले शिक्षा मन्त्रालय र सातै प्रदेश सरकारसँग मिलेर दर्ता भएका सबै सदस्य कन्सल्टेन्सीलाई राज्यको 'आधिकारिक मान्यता (State Recognition) दिलाउने कामलाई प्राथमिकता दिनेछ। महासचिवको नेतृत्वमा र टीमको सहकार्यमा सुरु गरिएको एकद्वार दर्ता प्रणाली (Single-Window Registration System) मार्फत दर्ता प्रक्रिया सरल, पारदर्शी र प्रभावकारी बनाइनेछ। यसैगरी, सदस्यहरूको हित र प्रतिष्ठा संरक्षण गर्न ग्रे मार्केट र 'अनधिकृत कन्सल्टेन्सीहरू विरुद्ध कडा कदम चालिनेछ।




# २. "ECAN Training Academy"

ECAN का ७०० भन्दा बढी सदस्यहरुको व्यावसायिक क्षमता र दक्षता अभिवृद्धि गर्न Training Academy स्थापना गरिनेछ, जसले देशभरि सदस्यहरुलाई व्यावसायिक, विशेषज्ञता र अन्तर्राष्ट्रिय मानक अनुसार अपडेट राख्नेछ। यस अन्तर्गत ECAN Certified Counselor (ECC) कार्यक्रम मार्फत British Council र ICEF सँग सहकार्यमा ECAN प्रमाणित पाठ्यक्रम र Certification कार्यक्रम सञ्चालन गरिनेछ। साथै, विश्वका प्रमुख विश्वविद्यालय प्रतिनिधि र शिक्षाविद्हरुसँग Strategic Knowledge Exchange सेमिनार आयोजना गरिनेछ। प्रत्येक शाखामा Destination Specific भिसा नीति, कानुनी प्रक्रिया र Ethical Counseling तालिमहरु सञ्चालन गरिनेछन्। वर्षभरि अनलाइन र भौतिक माध्यमबाट Continuous Professional Development (CPD) र Staff Training को माध्यमबाट सदस्यहरुको व्यावसायिक वृत्ति निरन्तर अपडेट गरिनेछ।




# ३. “ECAN Research Cell”

विश्वव्यापी शिक्षाको बदलिँदो स्वरूप, नयाँ गन्तव्य देशहरू र अन्तर्राष्ट्रिय Admission Trends सम्बन्धी सदस्यहरूलाई समयमै र विश्वसनीय जानकारी उपलब्ध गराउन ECAN Research Cell स्थापना गरिनेछ । यस Research Cell ले नवीनतम Global Education Trends, Scholarship अवसर र Policy Updates नियमित रूपमा ट्र्याक गर्नेछ । साथै, मासिक रूपमा ECAN Online Insight मार्फत सदस्यहरूलाई संक्षिप्त, पठनीय, र Informative रिपोर्ट र अपडेटहरू ईमेल गरिनेछ, जसले सदस्यहरूलाई रणनीतिक निर्णय लिन सजिलो बनाउनेछ ।




# ४. "Branch Empowerment Program"

मेरो टिमले केन्द्र र शाखाबीचको सम्बन्ध मजबुत बनाउन हरेक महिना Virtual Meeting मार्फत शाखा कार्यसमितिहरूसँग प्रत्यक्ष संवाद गर्नेछौ र प्रत्येक शाखाका समस्या र आवश्यकता केन्द्रको प्राथमिकतामा राखिनेछ। वार्षिक Leader's Meet लाई अझ Strategic र प्रभावकारी बनाईने छ, ताकि शाखा-केन्द्र सहकार्य सुदृढ होस्। तालिम र सेमिनारहरू केवल काठमाडौंमा सीमित नरहोस्, सातै प्रदेशका शाखामा विस्तार गरिनेछ ताकि सबै सदस्यहरू समान अवसर पाउन सकून्। म Branch Resource Fund र Support Indicators मार्फत प्रत्येक शाखाको संस्थागत विकास र कार्यालय व्यवस्थापन सुदृढ बनाउने प्रतिवद्धता गर्दछु। साथै, प्रदेश स्तरका Regional Education Fairs मा केन्द्रले प्राविधिक र आर्थिक सहयोग प्रदान गरी शाखाहरूको पहुँच प्रभाव र पेशागत प्रतिष्ठा वृद्धि गरिनेछ।




# ५. "Strategic Cell for Global Destinations"

म English Speaking प्रमुख गन्तव्य मुलुकमा जाने विद्यार्थीहरूको चुनौती र जटिल नीतिहरूलाई व्यवस्थित रूपमा सम्बोधन गर्दै, High-Level Strategic Cell स्थापना गर्ने प्रतिबद्धता व्यक्त गर्दछु । यस सेलले ECAN भित्रका अनुभवी सदस्यहरूसँगै साना र ठूला कन्सल्टेन्सीका बाह्य विशेषज्ञहरूलाई पनि समेटेर Expert Peer Group निर्माण गर्नेछ, जसले भिसा ट्रेन्ड, वित्तीय कागजात, छात्रवृत्ति अवसर र विश्वविद्यालय सम्बन्धी सूक्ष्म मार्गनिर्देशन प्रदान गर्नेछ र verified, up-to-date जानकारी सदस्यहरूलाई उपलब्ध गराउनेछ । बाह्य समन्वयमा, नेपालस्थित विदेशी दूतावास र कूटनीतिक निकायहरूसँग प्रत्यक्ष Briefing Sessions सञ्चालन गरिनेछ र विदेशमा रहेका अध्यागमन कानुनविद् तथा अन्तर्राष्ट्रिय शिक्षाविद्हरूसँग Global Expert Panel मार्फत नीतिगत र कानुनी First-Hand Guidance प्रदान गरिनेछ । यस सेलले Proactive Policy Advocacy मार्फत प्रमुख नीति परिवर्तनहरूमा अग्रिम तयारी गर्ने Grey Market र अवैधानिक एजेन्टहरू विरूद्ध कदम चाल्ने र ECAN सदस्यहरूलाई मात्र Recognized Global Partners को रूपमा स्थापित गर्ने काम गर्नेछ ।




# ६. "ECAN मा जापान र कोरिया सम्बन्धी सदस्यहरूको सम्मानजनक उपस्थिति"

म जापान र कोरिया पढ्न जाने विद्यार्थीहरू पठाउने ECAN सदस्य कन्सल्टेन्सीहरूको व्यावसायिक शाखा, मर्यादा र गरिमा (Dignity) सुरक्षित राख्न पूर्ण प्रतिबद्ध छु। यसका लागि म Japan र Korea मा काम गर्ने सदस्यहरूको professional standing लाई ECAN को केन्द्रमा राख्दै, NOC प्रक्रिया, VFS र COE सम्बन्धी सबै प्रशासनिक चुनौतीहरू शीघ्र, पारदर्शी र प्रभावकारी रूपमा समाधान गर्ने विशेष टीम निर्माण गर्नेछु। म शिक्षा मन्त्रालय, दूतावास र VFS कार्यालयहरूसँग प्रत्यक्ष समन्वय र advocacy गर्दै, सदस्यहरूले भोग्ने हरेक चुनौतीमा अगाडी  उभिनेछु।




# ७. “Empowering ECAN’s Next Generation”

म ECAN को पुरानो संरचना र old-school सोचलाई तोड्दै Youth Engagement लाई उच्च प्राथमिकतामा राख्नेछु। मेरो कार्यसमितिमा युवा सदस्यहरुको सक्रिय उपस्थिति सुनिश्चित हुनेछ र उनीहरुको नवीन विचार ऊर्जा र creativity लाई निर्णय प्रक्रिया र रणनीतिक योजनामा प्रत्यक्ष समेटिनेछ। यसले ECAN मा dynamic, forward-looking र inclusive culture सिर्जना गर्नेछ, जहाँ नयाँ पुस्ताले संस्थाको growth, innovation र global competitiveness मा ठोस योगदान पुऱ्याउन सक्नेछन्। साथै, Youth Mentorship Program मार्फत युवा सदस्यहरुलाई 'अनुभवी कन्सल्टेन्सी व्यवसायी र industry experts सँग प्रत्यक्ष mentorship र professional guidance उपलब्ध गराइनेछ, जसले उनीहरुलाई career-ready, confident र entrepreneurial बनाउनेछ।

यसरी, युवा सदस्यहरुको उपस्थिति केवल symbolic नभई strategic र transformative हुनेछ, जसले ECAN को भविष्यलाई नयाँ उचाइमा पुऱ्याउनेछ।

ECAN नेतृत्वका लागी
दिपकराज भुसाल समुहलाई
जिताऔं

# ८. "महिला नेतृत्व र समावेशिता (Women Leadership)"

म महिला नेतृत्वमा पूर्ण विश्वास राख्छु र मेरो कार्यसमितिमा महिला सदस्यहरूको सक्रिय सहभागिता गर्नेछु । ECAN मा सल्लाहकार समितिमा पनि महिला उपस्थिति कायम राख्दै उहाँरुमा अनुभव, दृष्टिकोण र निर्णय क्षमतालाई संस्थाको रणनीतिमा सम्मानपूर्वक समेटिनेछ । साथै, ECAN Women Leadership Conclave नियमित रुपमा सञ्चालन गरिनेछ, जसले शैक्षिक परामर्श क्षेत्रमा कार्यरत महिला उद्यमी, व्यवसायी र म्यानेजरहरूको क्षमता अभिवृद्धि गर्नेछ र नीतिगत निर्णय र रणनीतिक तहमा सम्मानपूर्वक सहभागी गराउने अवसर प्रदान गर्नेछ। यसले ECAN मा सम्मानजनक, समावेशी र अग्रगामी संस्कृति निर्माण गर्नेछ र महिला नेतृत्वलाई संस्थागत विकास तथा पेशागत प्रभावकारितामा सशक्त बनाउनेछ ।




# १. “EDUCLAVE 4.0/5.0: ECAN’s Policy Leadership & Engagement Platform”

ECAN को शैक्षिक नीति निर्माणमा नेतृत्वदायी भूमिका सुनिश्चित गर्न EDUCLAVE लाई एक बौद्धिक थिङ्क-ट्याङ्क (Think–Tank) को रूपमा विकास गरिनेछ। यसले सदस्यहरूलाई नीति, अनुसन्धान र रणनीतिक बहसमा प्रत्यक्ष सहभागी बनाउने अवसर दिनेछ। साथै, यस प्लेटफर्म मार्फत सरकारी अधिकारी, नीति निर्माता, शिक्षाविद्, विश्वविद्यालय प्रतिनिधि र उद्योग विशेषज्ञहरूलाई नियमित रूपमा समावेश गरिनेछ, जसले policy dialogue, evidence–based निर्णय र sector–wide collaboration लाई सशक्त बनाउनेछ। EDUCLAVE केवल विचार आदानप्रदानको माध्यम मात्र नभई ECAN को credible, forward–looking र influential voice बन्ने प्रमुख मञ्च हुनेछ, जसले शैक्षिक परामर्श क्षेत्रमा संस्थाको प्रतिष्ठा र प्रभावकारिता दुवै बढाउनेछ।

ECAN नेतृत्वका लागी
दिपकराज भुसाल समुहलाई जिताऔं

# १०. “ECAN Legal Defense Cell: Safeguarding Member Rights & Business Integrity”

म ECAN सदस्यहरूको व्यावसायिक सुरक्षा, कानुनी अधिकार र प्रतिष्ठा मा काम गर्न ECAN Legal Defense Cell स्थापना गर्ने प्रतिबद्ध छु । यस सेलले दर्ता भएका कन्सल्टेन्सीहरुलाई अनुगमन, जरिवाना, regulatory compliance जोखिम र अवैधानिक दबाबबाट २४/७ कानुनी र प्रशासनिक समर्थन उपलब्ध गराउनेछ । साथै, शैक्षिक परामर्शलाई ‘Education Service Industry’ को रुपमा मान्यता दिलाउन सक्रिय लबी गरिनेछ ।

ECAN नेतृत्वका लागी
दिपकराज भुसाल समुहलाई जिताऔं

# ११. "Low-Interest Business Loan"

कन्सल्टेन्सी विस्तार र अफिस व्यवस्थापनका लागि वाणिज्य बैंकहरूसँग सम्झौता गरी सदस्यहरुलाई सहुलियतपूर्ण 'Business Growth Loan' को व्यवस्था गरिनेछ।

ECAN नेतृत्वका लागी
दिपकराज भुसाल समुहलाई जिताऔं

# १२. “शिक्षा ऐनमा शैक्षिक परामर्श”

म नयाँ बन्न लागेको शिक्षा ऐनमा शैक्षिक परामर्श क्षेत्रलाई ‘मर्यादित सेवा उद्योग’ (Dignified Service Industry) को रूपमा औपचारिक रूपमा समावेश गराउन निर्णायक, रणनीतिक र दृढ advocacy गर्नेछु। यस प्रक्रियामा कुनै धरौटी, दबाब वा अनावश्यक बाध्यता बिना, कानुनी र नीतिगत ढाँचाभित्र पूर्ण रूपमा काम गर्दै , ECAN सदस्यहरूको व्यावसायिक साख, प्रतिष्ठा र अधिकार सुरक्षित गरिनेछ। यो कदम शैक्षिक परामर्शलाई मात्र औपचारिक बनाउने होइन, बरु यस पेशाको मर्यादा, पारदर्शिता र सम्मान सुनिश्चित गर्दै , ECAN लाई अग्रणी, भरोसायोग्य र प्रभावशाली संस्था बनाउनेछ।




# १३. "Zero Tolerance on Fraud: Protecting ECAN's Reputation"

दर्ता बिना वा अनियमित काम गर्ने केही कन्सल्टेन्सीका कारण ECAN का ७०० भन्दा बढी सदस्यहरूको प्रतिष्ठा जोखिममा नपरोस् भनी म 'Internal Monitoring Framework' कडाइका साथ लागू गर्नेछु। यस मार्फत सबै सदस्यहरूको गतिविधि नियमित रुपमा निगरानी गरिनेछ, अवैधानिक वा अनैतिक काम गरिरहेका सदस्यहरूलाई तत्काल कारबाही गरिनेछ, र वैध सदस्यहरूको साख, व्यवसायिक मर्यादा र भरोसा सुरक्षित राखिनेछ। म दृढतापूर्वक भन्छु: ECAN मा fraud र अनियमितताका लागि zero tolerance हुनेछ।




# १४. "ECAN Member Privilege Card"

म ECAN सदस्यहरूको corporate presence र पेशागत मूल्य अझ सशक्त बनाउन 'ECAN Privilege Card' को व्यवस्था गर्नेछु। यस कार्डमार्फत सदस्यहरुले अस्पताल, होटल, हवाई टिकट र अन्य सेवा सुविधाहरुमा विशेष छुट पाउनेछन्, जसले उनीहरुको पेशागत जीवनलाई सहज, सशक्त र सम्मानजनक बनाउनेछ। यसले ECAN सदस्यतालाई मात्र मान्यता दिने होइन, व्यावसायिक लाभ र नेटवर्किङ अवसर पनि सुनिश्चित गर्नेछ।




# १५. "ECAN Media Response Team"

म ECAN का सदस्य कन्सल्टेन्सीहरूको व्यावसायिक छवि र साखलाई भ्रामक प्रचार र झूटा आरोपबाट जोगाउन प्रतिवद्ध छु। सामाजिक सञ्जाल (TikTok, Facebook, YouTube) र अन्य सञ्चारमाध्यममा फैलिने गलत सूचना विरुद्ध Cyber & Social Media Defense मार्फत कडा कानुनी र डिजिटल प्रतिवाद गरिनेछ। कुनै पनि सदस्य संस्थामाथि संकट वा मिडिया ट्रायल आएमा Rapid Response Unit तुरुन्त सक्रिय भएर आधिकारिक धारणा सार्वजनिक गर्नेछ र सदस्यको व्यवसाय सुरक्षित गर्नेछ । साथै, Fact-Check Bureau मार्फत गलत हल्ला चिर्ने र verified जानकारी सदस्य तथा विद्यार्थी/अभिभावकहरूलाई उपलब्ध गराइनेछ । यसरी Media Response Team ले ECAN सदस्यहरूको साख, व्यवसाय र credibility लाई सधैं सुरक्षित बनाउनेछ ।

ECAN नेतृत्वका लागी
दिपकराज भुसाल समुहलाई जिताऔं

# १६. "Membership Recognition & Awards – Celebrating Excellence and Ethical"

म ECAN का सदस्य कन्सल्टेन्सीहरुको व्यवसायिक उत्कृष्टता र नैतिक अभ्यासलाई संस्थागत स्तरमा मान्यता दिन पूर्ण प्रतिबद्ध छु। यसका लागि Annual Membership Awards & Recognition Program सञ्चालन गरिनेछ, जसले उत्कृष्ट सेवा, innovation, professionalism र ethical counseling मा योगदान गर्ने सदस्यहरुलाई सम्मानित गर्नेछ। यो कार्यक्रम केवल पुरस्कार वितरणमा सीमित नहुने, बरु ECAN को corporate identity, credibility र industry leadership लाई प्रवर्द्धन गर्ने माध्यम बन्नेछ । Awards process पूर्ण रुपमा transparent, merit-based र peer-reviewed हुनेछ, जसले सदस्यहरुलाई प्रेरित गर्दै नैतिक व्यवसायिक अभ्यास र सेवा गुणस्तरमा अझ बढी ध्यान दिन प्रोत्साहित गर्नेछ।




# १७. "ECAN Member Financial & Compliance Empowerment"

म ECAN सदस्यहरूको व्यवसायिक स्थायित्व र कानुनी सुरक्षा सुनिश्चित गर्न प्रतिबद्ध छु । VAT, Income Tax, TDS लगायत कर व्यवस्थापन सरल बनाउने Specialist Tax Help desk स्थापना गरिनेछ, जसले तुरुन्त मार्गदर्शन, Tax Clearance सहयोग र अनियमित जरिवानाबाट सुरक्षा दिनेछ । व्यवसायिक वित्तीय दक्षता बढाउन Cash Flow Management, Strategic Budgeting, र Financial Planning तालिम गरिनेछ । आन्तरिक लेखा-परीक्षण पारदर्शी बनाउन आधुनिक एकाउन्टिङ सफ्टवेयर र प्रक्रियात्मक सहयोग उपलब्ध गराइनेछ । सदस्यहरूले Low–Interest Working Capital Loan / Fraud Prevention, Risk Management तालिम पाउनेछन् । यसरी सदस्यहरूको वित्तीय अनुशासन, कानुनी सुरक्षा र व्यवसायिक मर्यादा सुनिश्चित हुँदै ECAN को credibility र domain leadership मजबुत हुनेछ ।

ECAN नेतृत्वका लागी
दिपकराज भुसाल समुहलाई जिताऔं

# १८. "G2G & B2B Diplomatic Engagement"

म ECAN को तर्फबाट सरकार-देखि-सरकार (G2G) सम्झौतामा सक्रिय भूमिका सुनिश्चित गर्नेछु, जसमा व्यावसायिक सुझाव (B2B Perspectives) सिधै समावेश गरिनेछ। यसका लागि परराष्ट्र मन्त्रालय, शिक्षा मन्त्रालय र सम्बन्धित सरकारी निकायहरूसँग नियमित समन्वय र advocacy गरिनेछ, ताकि सदस्यहरूको professional interests सुरक्षित रहोस् र शैक्षिक परामर्श उद्योगका standards, ethical practices र credibility कायम रहोस्। यो पहलले ECAN सदस्यहरूको व्यवसायलाई नीतिगत तहमा मान्यता दिलाउने, सरकारी निर्णय प्रक्रियामा प्रभाव पार्ने र industry–wide transparency र respect सुनिश्चित गर्नेछ।




# १९. "ICEF र NAFSA जस्ता विश्व मञ्चमा ECAN को impactful presence"

मेरो नेतृत्वमा, ECAN सदस्यहरूलाई विश्वस्तरीय नेटवर्किङ र व्यावसायिक अवसरमा प्रत्यक्ष पहुँच दिलाउन ICEF र NAFSA जस्ता अन्तर्राष्ट्रिय मञ्चहरूमा ECAN को नेतृत्वदायी उपस्थिति गरिनेछ । यस अन्तर्गत, सदस्यहरूले समूह सहभागिता मार्फत Registration र Travel मा संस्थागत छुट पाउनेछन् र ICEF/NAFSA मा ECAN Nepal Pavilion मार्फत विश्वविद्यालय प्रतिनिधिहरूसँग B2B मिटिङ र Direct Agreement गर्ने अवसर पाउनेछन् । सहभागिता अघि Global Networking Workshops मार्फत प्रभावकारी Business Pitch र साझेदारी रणनीति सिकाइनेछ, साना सदस्यहरूको लागि Travel Grant/Subsidy पनि उपलब्ध गराइनेछ । साथै, ECAN सदस्यहरूको प्रोफाइल अन्तर्राष्ट्रिय फोरमका Member Directories मा समावेश गरी, Ethical & Certified Agency को रूपमा ECAN को पहिचान विश्वभर स्थापित गरिनेछ, जसले सदस्यहरूको credibility, visibility र global business growth लाई सशक्त बनाउनेछ ।

ECAN नेतृत्वका लागी
दिपकराज भुसाल समुहलाई जिताऔं

# २०. "Corporate Social Responsibility (CSR) Initiative"

म ECAN लाई केवल व्यवसाय केन्द्रित संस्था नभई समाज र राष्ट्रप्रति उत्तरदायी बनाउने प्रतिबद्ध छु। यस अन्तर्गत, सदस्य कन्सल्टेन्सीहरूले सामूहिक रूपमा समाजसेवा, शिक्षा पहुँच, र क्षमता निर्माण कार्यक्रमहरूमा योगदान पुर्‍याउनेछन् । गरिब, अवसरविहीन, र तबमिलत भएका विद्यार्थीहरूलाई scholarship र mentorship उपलब्ध गराइनेछ । साथै, डिजिटल शिक्षा, career guidance, र vocational training मार्फत युवा, महिला र ग्रामीण समुदायलाई सशक्त बनाइनेछ ।

ECAN नेतृत्वका लागी
दिपकराज भुसाल समुहलाई
जिताऔं

# २१. "Branch Education Summits"

काठमाडौं केन्द्रित कार्यक्रमहरूलाई विकेन्द्रीकरण गर्दै सबै ब्रान्चमा पालैपालो 'Regional Edu-Conclaves' आयोजना गरिनेछ, जहाँ विदेशी विश्वविद्यालयका प्रतिनिधि र सरकारी अधिकारीहरूको उपस्थिति रहनेछ।




# २२. "Diplomatic Engagement & Member Prioritization"

म ECAN सदस्यहरूको व्यावसायिक हित, credibility र visibility लाई सर्वोच्च प्राथमिकतामा राख्नेछु । विदेशका दूतावास, High Commissions र कूटनीतिक निकायहरूसँग हुने सबै बैठक, policy dialogue, seminars र workshops मा ECAN सदस्यहरूलाई प्रत्यक्ष पहुँच र प्राथमिकता दिइनेछ । साथै, embassy÷High Commission–sponsored briefing sessions, pre–departure orientations, visa workshops, र professional networking events नियमित रूपमा आयोजना गरिनेछ, जसले सदस्यहरूलाई international regulatory updates, student placement strategies र compliance knowledge मा अग्रणी बनाउनेछ । यसरी, ECAN को सदस्यहरू केवल local stakeholders सँग सीमित नभई global diplomatic र institutional networks मा पनि सुरक्षित, recognized र strategically positioned हुनेछन्।




# २३. "Comprehensive Member & Office Insurance"

मेरो उच्च प्राथमिकता ECAN का सदस्य सञ्चालक र कार्यालयको पूर्ण सुरक्षा सुनिश्चित गर्नु हुनेछ। सदस्यका लागि Group Life & Health Insurance लागू गरिनेछ, जसले आकस्मिक स्वास्थ्य समस्या वा आपतकालीन अवस्थाबाट सुरक्षा दिनेछ। कार्यालयमा हुने जोखिमहरु–जस्तै आगलागी, चोरी वा ठूलो क्षति–बाट व्यवसाय पुनःस्थापना गर्न Business Continuity & Asset Insurance को व्यवस्था गरिनेछ। सदस्यले परामर्श दिनुअघि हुन सक्ने मानवीय त्रुटी (Counseling Errors) का कारण उत्पन्न हुने कानुनी वा वित्तीय दाबीबाट बचाउन Professional Indemnity Insurance उपलब्ध गराइनेछ।




# २४. "ECAN Corporate Office – Hub for Members"

म ECAN का सदस्य र कार्यसमितिका लागि एक नयाँ, आधुनिक Corporate Office स्थापना गर्नेछु। यसले administrative काम मात्र नभई प्रशिक्षण, Workshop, बैठक र अन्तर्राष्ट्रिय समन्वयका लागि professional hub को रुपमा काम गर्नेछ । नयाँ कार्यालयले सदस्यहरूको visibility, credibility र organizational strength बढाउनेछ र ECAN को भविष्यमा growth र global standards सुनिश्चित गर्नेछ ।




# २५. "ECAN Digital Success Storytelling"

म ECAN सदस्यहरूको सफलताका कथाहरूलाई संस्थाको आधिकारिक डिजिटल च्यानलहरू—Website, Social Media र Newsletter-मार्फत प्रचार गर्नेछु । यसले सदस्यहरूको Brand Value मात्र बढाउने छैन, उनीहरूको नेतृत्व क्षमताको दृश्यता (Leadership Visibility) पनि मजबुत बनाउनेछ र अन्य शैक्षिक तथा व्यावसायिक कभअतयचचक मा ECAN को प्रभाव र प्रतिष्ठा स्पष्ट देखिनेछ ।

ECAN नेतृत्वका लागी
दिपकराज भुसाल समुहलाई
जिताऔं

# २६. "Full-Time Commitment to ECAN"

म आगामी दुई वर्षका लागि ECAN को लागि पूर्णकालीन समर्पित रहनेछु। यो अवधिमा मेरो समय, ऊर्जा र पेशागत क्षमताको सम्पूर्ण केन्द्रित उपयोग ECAN का ७०० सदस्य र संस्थाको विकास, साख, र अग्रगामी योजनाहरूको लागि गरिनेछ। मेरो प्रतिबद्धता स्पष्ट छ: part–time होइन, पूर्ण-समर्पित नेतृत्व, जसले संस्थालाई द्रुत निर्णय, स्थायी परिणाम र सबै सदस्यहरूको हितमा अग्रसर बनाउनेछ।

म तपाई सबैसँग प्रतिबद्धतापूर्वक अनुरोध गर्दछु - हाम्रो अनुभव, dedication र vision मा विश्वास गर्दै आगामी ECAN निर्वाचनमा म र मेरो टिमलाई तपाईको मूल्यवान मत दिनुहोस्। सँगै, हामी ECAN लाई नयाँ उचाइमा पुर्‍याउनेछौं।